## शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड

### एघारौं वार्षिक साधारण सभा

### काम कारवाहीको विवरण (माइन्यूट)

**(१) बैधानिक सभा**

कम्पनी ऐन, २०६३ र विकास बैंकको नियमावली बमोजिम बैंकको एघारौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्रप्रसाद श्रेष्ठ ज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु गरियो ।

**(२) सभाको मिति, स्थान र समय :**

मिति : २०७७ साल आषाढ १२ गते, शुक्रवार (तदनुसार जुन २६, २०२०) ।

समय : विहान ११ : ३० बजे ।

स्थान : एशियन भिलेज रिसोर्ट प्रा.लि., ईट्टाभट्टी, बुटवल, रुपन्देही ।

**(३) सभाको सूचना जारी**

(क) यस विकास बैंकको सञ्चालक समितिको मिति २०७७ जेष्ठ २२ गते बसेको २१७ औं बैठकले निर्णय गरे बमोजिम बैंकको एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम १८ को उप-नियम (३) अनुसार मिति २०७७ जेष्ठ २३ गते कारोबार राष्ट्रिय दैनिक र २०७७ जेष्ठ २६ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा गरी २ (दुई) पटक सूचना प्रकाशित गरिएको ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, बैंकको वित्तीय विवरणहरु सम्बन्धित शेयरधनीहरुको ठेगानामा एघारौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना साथ संलग्न गरी पठाइएको ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ बमोजिम तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा २१ (एक्काईस) दिन अगावै तयार गरी विकास बैंकको केन्द्रीय कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

**(४) सभामा प्रस्तुत छलफलका विषयहरु**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूको आ.ब. २०७५/०७६ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड, साविक पूर्णिमा विकास बैंक लिमिटेड र साविक भार्गव विकास बैंक लिमिटेडको लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०७५/०७६ को नाफा वा नोक्सान विवरण, विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र सोसंग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरणहरु पारित गर्ने ।

३. आर्थिक बर्ष २०७६/०७७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । साथै, साविक पूर्णिमा विकास बैंक लिमिटेड र साविक भार्गव विकास बैंक लिमिटेडको मिति २०७६ श्रावण १ गतेदेखि २०७६ आश्विन २६ गतेसम्मको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक नियुक्तिको अनुमोदन गर्ने ।

(ख) **विशेष प्रस्तावहरु :**

१. जारी तथा चुक्ता पूंजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्ध पत्रमा संशोधन गर्ने ।

२. साविक पूर्णिमा विकास बैंक लिमिटेड र साविक भार्गव विकास बैंक लिमिटेडलाई प्राप्ति पश्चात् कायम आ.व. २०७५/०७६ सम्मको कुल सञ्चित मुनाफावाट चुक्ता पूंजीको १५ प्रतिशतले हुने रकम रु. ३९,३४,३५,६१८/५९ (अक्षरेपी उनन्चालीस करोड चौंतीस लाख पैंतीस हजार छ सय अठार र पैसा उनन्साठी मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने ।

३. साविक पूर्णिमा विकास बैंक लिमिटड र साविक भार्गव विकास बैंक लिमिटेडलाई प्राप्ति गर्नु पूर्वको शेयर संरचनामा परिवर्तन गरी संस्थापक समूहको ५७.२२ प्रतिशत र सर्वसाधारण समूहको ४२.७८ प्रतिशत कायम गर्ने । सोही बमोजिम शेयर स्वामित्व संरचनामा परिवर्तन गरी प्रबन्ध पत्रमा संशोधन गर्ने ।

४. यस शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमती पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

५. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध**

(५) **सभामा उपस्थिति**

५.१ **सञ्चालकहरुको उपस्थिति**

| | | | |
|---|---|---|---|
| १. | श्री राजेन्द्रप्रसाद श्रेष्ठ | अध्यक्ष | उपस्थित |
| २. | श्री थानेश्वर पौडेल | सञ्चालक | उपस्थित |
| ३. | डा. ताराप्रसाद उपाध्याय | सञ्चालक | उपस्थित |
| ४. | ई. सुरज उप्रेती | सञ्चालक | उपस्थित |
| ५. | श्री मोहन चापागाई | सञ्चालक | उपस्थित |
| ६. | श्री सुदर्शन गौतम | सञ्चालक | अनुपस्थित |

*(प्रतिनिधी : श्रीगणेश प्रोपर्टिज एण्ड इन्भेष्टमेन्ट प्रा.लि., काठमाण्डौं)*

५.२ **बैंक पदाधिकारीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री प्रकाश पौडेल | प्रमुख कार्यकारी अधिकृत / कम्पनी सचिव |
| २. | श्री सार्जन भट्टराई | नायब महाप्रबन्धक |
| ३. | श्री भुवनप्रसाद पन्थ | बरिष्ठ प्रवन्धक |
| ४. | श्री लालमणी पन्थी | बरिष्ठ प्रवन्धक |
| ५. | श्री नम्रता थापा | उप-प्रवन्धक |

### ५.३ शेयरधनीहरुको उपस्थिति

१. संस्थापक शेयरधनीको तर्फबाट स्वयं उपस्थित १२ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या १७,९३,६२७ र प्रोक्सी मार्फत १८५ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या १,०८,६६,८८० गरी १९७ जना शेयरधनीबाट प्रतिनिधित्व भएको कुल शेयर संख्या १,२६,६०,५०७ कित्ता ।

२. सर्वसाधारण शेयरधनीको तर्फबाट स्वयं उपस्थित २० जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या १,२९,९२० र प्रोक्सी मार्फत ३१८ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या २३,९४,७५८ गरी ३३८ जना शेयरधनीबाट प्रतिनिधित्व भएको कुल शेयर संख्या २५,२४,६७८ कित्ता ।

४. कुल उपस्थित शेयर संख्या १,५१,८५,१८५ कित्ता ।

५. शेयरको कुल उपस्थिति प्रतिशत ५७.८९ प्रतिशत ।

### (६) सभाको गणपूरक संख्या

| विवरण | उपस्थित जम्मा शेयर संख्या | स्वयम् उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | शेयरधनीको उपस्थिति संख्या | शेयरको कुल उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| बाँडफाँड भएको कुल शेयर संख्या **२,६२,२९,०४१** | १,५१,८५,१८५ | ३२ | ५०३ | **५३५** | **५७.८९ %** |

कम्पनीको कुल शेयर २,६२,२९,०४१ कित्ता मध्ये १९,२३,५४७ शेयर कित्ताका ३२ जना शेयरधनीहरु स्वयं उपस्थित हुनु भएको र १,३२,६१,६३८ शेयर कित्ताका ५०३ जना शेयरधनीहरु प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित हुनु भई कुल शेयर संख्याको ५७.८९ प्रतिशतको प्रतिनिधित्व रहेको कम्पनी सचिवले सभा समक्ष जानकारी गराउनु भयो ।

### (७) सभाको वैधानिकता

सभा सञ्चालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम २३ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनी मध्ये कम्तीमा तीनजना शेयरधनीहरु स्वयं उपस्थिति हुनुपर्ने प्रावधान अनुसार बिहान ११ : ३० बजेसम्म कुल शेयर संख्या २,६२,२९,०४१ कित्ताको १,५१,८५,१८५ शेयर अर्थात ५७.८९ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने तीनजना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा सञ्चालन गर्न प्रचलित ऐन, कानून बमोजिम सभा बैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदा सम्मको हाजिरी अभिलेख अनुसार माथिको तालिकामा उल्लिखित संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

### (८) सभाको अध्यक्षता

कम्पनी ऐन, २०६३ को दफा ७४, उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष ज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्रप्रसाद श्रेष्ठ ज्यूलाई सभाको अध्यक्षता गरी दिनुहुन आग्रह भए बमोजिम वहाँले अध्यक्षताको आसन ग्रहण गर्नुभयो ।

साथै, सञ्चालक समितिका सदस्यज्यूहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, बैंकका पदाधिकारीहरु सबैलाई आ-आफ्नो स्थानमा आसन ग्रहण गरिदिन कम्पनी सचिवले अनुरोध गरेबमोजिम वहाँहरुले समेत आसन ग्रहण गर्नुभयो ।



SHINE RESUNGA DEVELOPMENT BANK LTD.

(९) **एघारौं वार्षिक साधारण सभामा सञ्चालक समितिको प्रतिवेदन तथा अन्य प्रस्तावहरुको प्रस्तुती**

९.१ **एघारौं वार्षिक प्रतिवेदन प्रस्तुती**

सभाका अध्यक्षज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिबादन गर्दै पूर्व निर्धारित छलफलको बिषय-सूची अनुसार आर्थिक बर्ष २०७५/०७६ को सञ्चालक समितिको प्रतिबेदन छलफल गरी निर्णयार्थका लागि सभा समक्ष पेश गर्नुभयो ।

९.२ **लेखापरीक्षण प्रतिवेदनको प्रस्तुती**

अध्यक्ष ज्यूले लेखापरीक्षकको प्रतिबेदन सहित मिति २०७६ आषाढ मसान्त सम्मको एघारौं वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको लेखापरीक्षण प्रतिवेदन सहितका विवरण तथा अनुसूचीहरु छलफल गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

(१०) **छलफलको लागि आव्हान**

साधारण सभामा शेयरधनीहरुले निर्धारित विषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भएअनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको एघारौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०७५/०७६ को नाफा वा नोक्सान विवरण, विस्तृत आयको विवरण, नगदप्रवाह बिवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र सोसंग सम्बन्धित अनुसूचीहरु सहित सभामा प्रस्तुत विषयहरुमा छलफलका लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई क्रमैसंग सहभागी हुन अनुरोध गर्नुभयो ।

(११) **छलफलमा सहभागी शेयरधनी महानुभावहरुको जिज्ञासा तथा सुझाव**

सभामा शेयरधनी महानुभावहरुले विभिन्न जिज्ञासा तथा सुझावहरु राख्नु भएको थियो भने उल्लेखित जिज्ञासाहरु उपर अध्यक्ष राजेन्द्रप्रसाद श्रेष्ठ तथा प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले जवाफ दिनु भएको थियो ।

(१२) **सभाको निर्णय**

(क) **साधारण प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.ब. २०७५/०७६ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

२. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड, साविक पूर्णिमा विकास बैंक लिमिटेड र साविक भार्गव विकास बैंक लिमिटेडको लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०७५/०७६ को नाफा वा नोक्सान विवरण, विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र सोसंग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरणहरु पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

३. आर्थिक बर्ष २०७६/०७७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । साथै, साविक पूर्णिमा विकास बैंक लिमिटेड र साविक भार्गव विकास बैंक लिमिटेडको मिति २०७६ श्रावण १ गतेदेखि २०७६ आश्विन २६ गतेसम्मको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धी प्रस्ताव पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट देहाय बमोजिम हुनेगरी सर्वसम्मतले पारित गरियो ।

- आर्थिक बर्ष २०७६/०७७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । बैंकको आ.व. २०७६/०७७ को लागि लेखापरीक्षण कार्य गर्नका लागि **एस.आर.पाण्डे**

**एण्ड कम्पनी**लाई रु. ५,६५,०००/- (पाँच लाख पैसट्ठी हजार रुपैया मात्र) लेखापरीक्षण शुल्क भुक्तानी गर्नेगरी लेखापरीक्षकमा नियुक्त गर्ने ।

- साबिकको पुर्णिमा विकास बैंक लिमिटेड र साविक भार्गव विकास बैंक लिमिटेडको चालु आर्थिक बर्ष २०७६/०७७ को मिति २०७६ श्रावण ०१ देखि २०७६ आश्विन २६ गते सम्मको लेखापरीक्षण कार्य गर्नका लागि **एनबिएसएम एण्ड एशोसिएट्स**लाई रु. ३,९५,५००/- (तीन लाख पञ्चानब्बे हजार पाँच सय रुपैया मात्र) लेखापरीक्षण शुल्क भुक्तानी गर्नेगरी लेखापरीक्षकमा नियुक्त गर्ने ।

४. सञ्चालक नियुक्तिको अनुमोदन गर्ने सम्बन्धी प्रस्ताव पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट देहाय बमोजिम हुनेगरी सर्वसम्मत पारित गरियो ।

- सञ्चालक समितिमा संस्थापक शेयरधनी (समूह 'क') बाट प्रतिनिधित्व गर्ने सञ्चालकको रिक्त पदमा मिति २०७६/०२/०१ गतेदेखि लागू हुनेगरी बाँकी कार्यकालका लागी संस्थापक श्री थानेश्वर पौडेललाई र मिति २०७६/०६/२७ गतेदेखि लागु हुनेगरी साविक पूर्णिमा विकास बैंक लिमिटेडको तर्फबाट संस्थापक शेयरधनीको समूहवाट प्रतिनिधित्व गर्दै ई. सुरज उप्रेती र साविक भार्गव विकास बैंक लिमिटेडको तर्फबाट सर्वसाधारण शेयरधनीको समूहवाट बाँकी कार्यकालका लागी प्रतिनिधित्व गर्दै श्री सुदर्शन गौतम (प्रतिनिधिः श्रीगणेश प्रोपर्टिज एण्ड इन्भेष्टमेन्ट प्रा.लि) लाई सञ्चालक पदमा मनोनयन गरिएकोमा निजहरुको नियुक्तीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**(ख) विशेष प्रस्ताव**

**१. जारी तथा चुक्ता पूंजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्ध पत्रमा संशोधन गर्ने ।**

बैंकले आर्थिक बर्ष २०७५/०७६ को मुनाफाबाट १५ प्रतिशतले हुने रकम रु. ३९,३४,३५,६१८/५९ (अक्षरेपी उन्नचालिस करोड चौंतिस लाख पैंतिस हजार छ सय अठार रुपैया र पैसा उन्नसाठी मात्र) बोनस शेयर वितरण गर्ने र बोनस शेयर वितरण गर्ने र मिति २०७६/०३/२७ गते सम्पन्न विशेष साधारण सभाको प्रस्ताव नं. ८ मा "शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडले पूर्णिमा विकास बैंक लिमिटेड र भार्गव विकास बैंक लिमिटेडलाई प्राप्ति गरेपश्चात हुन आउने चुक्ता पूँजीको ४ : १ (चार शेयर वरावर एक शेयर) को अनुपातमा हकप्रद शेयर जारी गर्ने" विशेष प्रस्ताव पारित भएकोमा सोही बमोजिम हकप्रद शेयर निष्काशनको कार्यलाई निरन्तरता दिए पश्चात विकास बैंकको पूँजी संरचनामा बृद्धि हुने भएकाले प्रवन्ध-पत्रमा देहाय बमोजिमको संशोधन गर्ने प्रस्ताव पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

**प्रवन्ध-पत्र तर्फ :**

**दफा ६ : विकास बैंकको पूँजी संरचना**

(ख) विकास बैंकको जारी पूँजी रु. ३,६७,२०,६५,७७३/४६ (अक्षरेपी तीन अर्ब सतसट्ठी करोड बीस लाख पैसट्ठी हजार सात सय त्रिहत्तर रुपैंया र पैसा छयालिस मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ३,६७,२०,६५७.७३ (तीन करोड सतसट्ठी लाख बीस हजार छ सय सन्ताउन्न दशमलव त्रिहत्तर) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) विकास बैंकको चुक्ता पूँजी रु. ३,०१,६३,३९,७४२/४९ (अक्षरेपी तीन अर्ब एक करोड त्रिसट्ठी लाख उन्चालिस हजार सात सय बयालिस रुपैंया र पैसा उन्पचास मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ३,०१,६३,३९७.४२ (तीन करोड एक लाख त्रिसट्ठी हजार तीन सय सन्तानब्बे दशमलव बयालिस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ङ(१) संस्थापक शेयर समूहको शेयर स्वामित्व ५४.८५ प्रतिशत हुनेछ ।

ङ(२) सर्वसाधारण शेयर समुहको शेयर स्वामित्व ४५.१५ प्रतिशत हुनेछ ।

२. साविक पूर्णिमा विकास बैंक लिमिटेड र साविक भार्गव विकास बैंक लिमिटेडलाई प्राप्ति पश्चात् कायम आ.व. २०७५/०७६ सम्मको कुल सञ्चित मुनाफाबाट चुक्ता पूंजीको १५ प्रतिशतले हुने रकम रु. ३९,३४,३५,६१८/५९ (अक्षरेपी उनन्चालीस करोड चौतीस लाख पैंतीस हजार छ सय अठार र पैसा उनन्साठी मात्र) बराबरको बोनश शेयर वितरण सम्बन्धी राखिएको प्रस्ताव सभाबाट सर्वसम्मतले पारित गरियो ।

३. साविक पूर्णिमा विकास बैंक लिमिटेड र साविक भार्गव विकास बैंक लिमिटेडलाई प्राप्ति गर्नुपूर्वको शेयर संरचनामा परिवर्तन गरि संस्थापक समूहको ५७.२२ प्रतिशत र सर्वसाधारण समूहको ४२.७८ प्रतिशत कायम गर्ने । सोही बमोजिम शेयर स्वामित्व संरचनामा परिवर्तन गरि प्रबन्ध पत्रमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव सभाबाट सर्वसम्मतले पारित गरियो ।

४. यस शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमती पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव सभाबाट सर्वसम्मतले पारित गरियो ।

५. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव सभाबाट सर्वसम्मतले पारित गरियो ।

**(१३) धन्यबाद ज्ञापन तथा सभा बिसर्जन**

बैंकको एघारौं बार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावहरुलाई सर्वसम्मतीले पारित गरिदिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभाव ज्यूहरुलाई अध्यक्ष ज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै, सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, नेपाल क्लियरिङ्ग हाउस लिमिटेड, लेखापरीक्षक, शेयर रजिष्ट्रार, कानूनी सल्लाहकार, सञ्चालक साथीहरु, बैंकमा कार्यरत कर्मचारी लगायत सम्बद्ध सबैप्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्षज्यूले अपरान्ह १२ : १५ बजे सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

SHINE RESUNGA DEVELOPMENT BANK LTD.

................
प्रकाश पौडेल
प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव

................
राजेन्द्र प्रसाद श्रेष्ठ
अध्यक्ष (सञ्चालक समिति)